सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि न्याय परिषद सचिवालयसँग सम्वन्धित २०७४ माघ, फाल्गुन र चैत्रसम्मका सूचनाहरु सो ऐनको दफा ५(४) वमोजिम प्रकाशन गरिएको छ ।

क. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानको धारा १५३ को उपधारा १ मा न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्वन्धी कारवाही, बर्खासी र न्याय प्रशासनसम्वन्धी अन्य विषयहरुको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद रहने व्यवस्था गरेको छ । जसमा देहाय वमोजिम अध्यक्ष तथा सदस्य रहने व्यवस्था संविधानले गरेको छ ।

क	प्रधान न्यायाधीश	अध्यक्ष
ख	संघीय कानून तथा न्याय मन्त्री	सदस्य
ग	सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश एक जना	सदस्य
घ	राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति गरेको एकजना कानूनविद्	सदस्य
ङ	नेपाल बार एसोसियसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता	सदस्य

त्यस्तै संविधानको धारा १५४ को उपधारा १)) मा नेपाल सरकारले कानूनबमोजिम संघीय न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिसबमोजिम गर्ने संवैधानिक व्यवस्था रहेको छ । आयोगमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहने व्यवस्था संविधानले गरेको छ ।

क	प्रधान न्यायाधीश	अध्यक्ष
ख	संघीय कानून तथा न्याय मन्त्री	सदस्य
ग	सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीश एक जना	सदस्य
घ	लोकसेवा आयोगको अध्यक्ष	सदस्य
ङ	महान्यायाधिवक्ता	सदस्य

ख. न्याय परिषद ऐन, २०७३ को दफा ३४ ले न्याय परिषदको एउटा छुट्टै सचिवालय रहने र सो सचिवालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरेको छ । न्याय सेवा ऐन, २०७३ को दफा ३ मा आयोगले अन्यथा व्यवस्था गरेमा बाहेक आयोगको सचिवालय न्याय परिषदको सचिवालय रहेको ठाउँमा रहने व्यवस्था गरेको पाइन्छ । न्याय परिषद सचिवालयको प्रशासकीय प्रमुखको रूपमा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एक जना सचिव रहने र न्याय परिषदको सचिवले न्याय सेवा आयोगको समेत सचिव भई काम गर्ने कानूनी व्यवस्था छ ।

ग. निकायको काम, कर्तव्य र अधिकारः न्याय परिषद सचिवालय न्याय परिषद र न्याय सेवा आयोगको संयुक्त सचिवालय भएकाले यस निकायले ति दुवै निकायवाट भएका निर्णयहरुको कार्यान्वयन गर्दछ । संविधान तथा कानूनमा ति निकायहरुका काम कर्तब्य र अधिकार देहाय वमोजिम तोकिएका छन् ।

अ. न्याय परिषदको काम कर्तव्य र अधिकार

१. न्यायाधीश नियुक्तिको सिफारिस गर्ने ।

२. न्यायाधीशको सरुवा र काज सिफारिस गर्ने ।

३. संवैधानिक ईजलासमा न्यायाधीश तोक्न सिफारिस गर्ने ।

४. न्यायाधीश उपर अनुशासनात्मक कारवाही गर्ने ।

५. न्यायाधीश उपरको उजुरी ग्रहण गरी छानविन गर्ने ।

६. सर्वोच्च अदालतका न्यायाधीश वाहेक अन्य न्यायाधीश उपर संविधानमा उल्लेखित आरोपमा भ्रष्टाचारमा मुद्दा चलाउने ।

७. न्याय प्रशासन सम्वन्धी विषयमा परामर्श दिने ।

८. न्यायिक अनुगमन तथा निगरानीको कार्य ।

९. न्यायाधीश पदमा योग्यता पुगेका नेपाली नागरिकको अभिलेख तयार गर्ने ।

१०. न्यायाधीशको सम्पत्ति विवरण अद्यावधिक गरी राख्ने ।

११. न्याय प्रशासन सम्वन्धी विषयमा अध्ययन अनुसन्धान गराउने ।

आ. न्याय सेवा आयोगको काम कर्तव्य र अधिकार

१. नेपाल न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, वढुवा र सरुवा गर्ने ।

२. नेपाल न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरूलाई विभागीय कारवाहीको परामर्श दिने ।

३. जिल्ला न्यायाधीशको पदमा नियुक्तिका लागि परीक्षा सञ्चालन र सिफारिस गर्ने ।

४. सेवासम्बन्धी नियममा नेपाल सरकार वा अन्य कुनै निकायले परामर्श माग गरेमा परामर्श दिने ।

५. न्याय सेवालाई सक्षम र प्रभावकारी वनाउन अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कार्य गर्ने ।

इ. न्याय परिषद सचिवालयको काम कर्तव्य र अधिकारः

१. न्यायाधीश हुन योग्यता पुगेका व्यक्तिहरुको अभिलेख राख्ने प्रयोजनका लागि न्यायाधीश, न्याय सेवाका अधिकृत, कानून व्यवसायी, कानूनविदको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।

२. न्याय परिषद तथा न्याय सेवा आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।

३. न्याय परिषद, न्याय सेवा आयोग तथा न्याय परिषद र न्याय सेवा आयोगवाट भएको निर्णय कार्यान्वयन गर्ने ।

४. वार्षिक प्रतिवेदन तथा बुलेटिन प्रकाशन गर्ने ।

५. न्याय परिषद ऐन, २०७३ को दफा ३१ बमोजिम न्यायाधीशको उमेर यकिन गरी उमेरका कारणले अवकास हुने न्यायाधीशको कम्तिमा साठी दिन अगावै जानकारी गराउने ।

६. अन्य प्रशासकीय र व्यवस्थापकीय कार्य गर्ने ।

ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

१. सचिव (राजपत्राङ्कित विशिष्ठ श्रेणी) १
२. सहसचिव २
३. उपसचिव.....४
४. शाखा अधिकृत ८
५. नायव सुव्वा ७
६. टा.ना.सु. १
७. लेखापाल १
८. कम्प्यूटर अपरेटर १
९. कम्प्यूटर टेक्निसियन १
१०. डिट्टा १
११. सवारी चालक .....५ करार समेत
१२. कार्यालय सहयोगी .....६ करार समेत

कार्य विवरण अनुसार यस निकायमा देहायका शाखाहरु रहेका छन् ।

क प्रशासन महाशाखा

यस महाशाखा मातहत देहायका शाखा रहेका छन् ।

१ प्रशासन शाखा

क कर्मचारी प्रशासन सम्वन्धी काम गर्ने
ख आन्तरिक प्रशासन सम्वन्धी काम गर्ने ।
ग जिन्सी व्यवस्थापन सम्वन्धी काम गर्ने ।
घ वार्षिक रुपमा स्वीकृत कार्यक्रम सञ्चालन गर्ने ।
ङ नियमित तथा कार्यक्रमतर्फको आवधिक र वार्षिक प्रतिवेदन तयार गर्ने ।
च सम्पत्ती विवरण अध्याविधक गरी राख्ने ।
छ अन्य शाखाको काम कारवाहीसँग समन्वय र सहयोग गर्ने ।

दर्ता चलानी

क. चिठ्ठी पूर्जी दर्ता चलानी लगायतका कार्य

आर्थिक प्रशासन शाखा

क. नयाँ आर्थिक वर्षका लागि वजेट अनुमान तयार गर्ने ।
ख. स्वीकृत वजेट र प्राप्त अख्तियारी अनुसार प्रचलित नियमको अधिनमा रहि वजेट खर्च गर्ने, खर्च गरेको अभिलेख राख्ने, मासिक चौमासिक तथा वार्षित विवरणहरु सम्वन्धित निकायमा पठाउने ।
ग. आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने ।
घ. राजस्व र धरौटी सम्वन्धी कार्य

जिन्सी शाखा

क. कार्यालयको चल अचल सम्पत्तीको अद्यावधिक अभिलेख राख्ने ।

ख. सम्पत्तीको नियमित मर्मत तथा सम्भार राख्ने ।

ग. खर्च भएर जाने र खर्च भै नजाने सम्पत्तीको छुट्टाछुट्टै अभिलेख राख्ने ।

घ. कार्यालयलाई आवश्यक सामग्रीको वार्षिक अनुमान गरी पेश गर्ने ।

ङ. सामान खरिद गरी दाखिल गर्ने ।

२. सूचना प्रविधि शाखा

क. न्याय सेवाका राजपत्राङ्कित कर्मचारी तथा न्यायाधीशहरुको वैयक्तिक विवरण सहितको एकिकृत अभिलेख अद्यावधिक गरी राख्ने ।

ख. कार्यालयलाई आवश्यक सफ्टवेयरको नियमित सञ्चालन, रेखदेख, मर्मत, सम्भार गर्ने गराउने र सफ्टवेयरको विकास तथा निर्माणका लागि सुझाव दिने/ निर्माण गर्ने

ग. कार्यालयका जनशक्तिलाई सूचना प्रविधि क्षमता विकासमा सहयोग गर्ने ।

३. अभिलेख शाखा

क. न्यायाधीश तथा न्याय सेवाका अधिकृत कर्मचारीहरुको एकिकृत अभिलेख राख्ने ।

ख. अभिलेखको कानून वमोजिम धुल्याउने ।

ग. अभिलेख व्यवस्थापनका लागि वार्षिक कार्ययोजना वनाउने ।

घ. अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने ।

ख. उजुरी तथा अनुगमन महाशाखा

१. उजुरी शाखा

क. सचिवको तोक आदेश पछि न्यायाधीश उपरको उजुरी दर्ता गर्ने ।

ख. उजुरीको संक्षेपिकरण तयार गर्ने ।

ग. उजुरीको प्रकृति अनुसारको रेकर्ड राख्ने ।

घ. उजुरीमा भएको निर्णय वमोजिम पत्राचार गर्ने, लिखत कागजात झिकाउने ।

ङ. उजुरीमा निर्णय भएपछि सो को कार्यान्वयनका लागि पत्राचार गर्ने तथा सम्वन्धित न्यायाधीश र उजुरीकर्तालाई सूचना दिने ।

२. निरीक्षण तथा अनुगमन शाखा

क. परिषदवाट र पुनरावेदन सुन्ने अदालतहरुवाट भएको निरीक्षण प्रतिवेदनहरुको वैज्ञानिक रुपमा अभिलेख राख्ने ।

ख. निरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयवस्तुहरु सचिवालय/परिषदमा पेश गर्ने व्यवस्था मिलाउने ।

ग. अनुगमन तथा निगरानी समितिलाई सहयोग गर्ने ।

ग. योजना तथा अनुसन्धान महाशाखा

यस महाशाखा अन्तर्गत योजना शाखा, अध्ययन तथा अनुसन्धान शाखा र वाह्य सम्वन्ध शाखा रहेका छन । यस महाशाखावाट

१. सचिवालयवाट गरिने अनुसन्धनात्मक कार्यक्रमहरुको योजना निर्माण गर्ने ।

२. न्याय प्रशासनका विविध विषयमा अध्ययन अनुसन्धानका लागि क्षेत्र तथा विषय पहिचान गर्ने ।

३. न्यायाधीशलाई दिईने तालिमको पाठ्यक्रम, पध्दति समेतका सम्वन्धमा तालिम प्रदायक संस्थाहरुलाई आवश्यक निर्देशन दिने तथा सहयोग एवम् समन्वय गर्ने ।

४. अध्ययन अनुसन्धानका लागि आवश्यक सहयोग गर्ने ।

५. न्याय सेवालाई सक्षम र प्रभावकारी वनाउन अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कार्य गर्ने ।

६. न्यायाधीशहरुको कार्यफर्छ्यौट अभिलेखलाई वैज्ञानिक रुपमा राख्ने ।

७. रणनीतिक योजना तथा सो को लागि वार्षिक योजना तयार गरी पेश गर्ने ।

८. न्याय परिषद तथा न्याय सेवा आयोगका काम कारवाहीलाई प्रभावकारी वनाउन सोही प्रकृतिका काम कारवाही गर्ने वाह्य मुलुकका निकायहरुसँग सहकार्य गरी अनुभव तथा विचारको आदान प्रदान गर्ने व्यवस्थाका लागि पहल गर्ने ।

घ। परीक्षा महाशाखा

अ। जिल्ला न्यायाधीशको परीक्षासम्वन्धी नीति नियम तर्जुमा सम्वन्धी कार्य व्यवस्थापन ।

आ। दक्ष/ विज्ञको सूची संकलन ।

इ। प्रश्न निर्माणकर्तालाई न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रममा आधारित मार्गदर्शन तयार गरी कच्चा प्रश्नहरुको संकलन, प्रश्नपत्र बैकसम्वन्धी एवम् प्रश्नपत्रको मुद्रण सम्वन्धी कार्य ।

ई। जिल्ला न्यायाधीशको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्ने र उत्तरपुस्तिका संकलन ।

उ। उत्तरपुस्तिकाको साँकेतिकरणसम्वन्धी कार्य गर्ने ।

ऊ। उत्तरपुस्तिका परीक्षण सम्वन्धी कार्य ।

ऋ। परीक्षा सञ्चालन, नतिजा तयारी तथा प्रकाशन सम्वन्धी कार्य ।

क. परीक्षा सञ्चालन शाखा

१. जिल्ला न्यायाधीशको लिखित परीक्षाका लागि प्रश्नपत्र संकलन, परिमार्जन, मुद्रण लगायतका कार्यमा सहयोग गर्ने ।

२. जिल्ला न्यायाधीशको लिखित सञ्चालनका लागि सम्पुर्ण व्यवस्थापकीय कार्य

ख. नतीजा तथा अन्तरवार्ता शाखा

१. दक्ष विज्ञवाट उत्तरपूस्तिकाको परीक्षण, लिखित नतिजा, अन्तरवार्ता र अन्तिम नतिजा प्रकाशन ।

घ. निकायवाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि

सि.नं.	प्रदान गरिने सेवा	सेवा प्राप्त गर्न लाग्ने दस्तुर	सेवा प्राप्त गर्न लाग्ने अवधि
१	सवै तहका न्यायाधीशको नियुक्तिका लागि व्यक्तिगत अभिलेख माग गर्ने र कानून वमोजिम योग्यता पुगेका व्यक्तिहरुले वैयक्तिक विवरण सहितको अभिलेख पेश गर्ने ।	निःशुल्क (नियमित रुपमा दिन सकिने ।)	तत्काल

२	न्यायाधीशहरुको सरुवाको लागि दरखास्त माग गर्ने र सरुवा गर्ने ।	निःशुल्क	
३	न्यायाधीशहरू उपर कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो कर्तव्यको पालना नगरेको, बद्नियतपूर्वक कामकारवाही गरेको वा निजले पालना गर्नुपर्ने आचार संहिताको गम्भीर उल्लघंनमा उजूरी दिन सकिने	निःशुल्क (सरोकारवालाले निवेदन दिन सक्ने)	३ महिना भित्रमा प्रारम्भिक छानविन भै सक्ने र तत्पश्चात परिषदको निर्णय वमोजिम हुने ।
४	संविधानको धारा १५३ को उपधारा ६ बमोजिम उच्च तथा जिल्ला अदालतका न्यायाधीशले भ्रष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेकोमा सो उपर उजुरी दिन सकिने ।	निः शुल्क	न्याय परिषद ऐन २०७३ को दफा २२ वमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन वमोजिम न्याय परिषदले निर्णय गरे वमोजिम मुद्दा चल्ने वा नचल्ने
५	उमेरका आधारमा न्यायाधीश अवकाश भएको जानकारी गराउने ।	--	अवकाश हुनुभन्दा ६० दिन अगाडि
६	कुनै न्यायाधीश शारिरीक वा अस्वस्थताले कार्यसम्पादन गर्न असमर्थ रहेको भन्ने विषयमा उजूरी दिन सक्ने ।	निशुल्क	परिषदका सदस्यको प्रारम्भिक प्रतिवेदन वमोजिम परिषदले निर्णय गर्ने ।
७	वार्षिक रुपमा न्याय सेवाका रा.प. प्रथम र द्वितीय श्रेणीका अधिकृतको जेष्ठता तथा कार्यक्षमताका आधारमा हुने वढुवाका लागि सूचना प्रकाशन गर्ने	सहसचिवका लागि रु.१५००/- उपसचिवका लागि रु.१२००/-	भाद्र देखि फाल्गुनसम्म

	र प्रकाशित सूचना वमोजिमको दरखास्त लिई नतिजा प्रकाशन गर्ने ।		
८	जिल्ला न्यायाधीशको परीक्षा सञ्चालन तथा सिफारिस	रु.२०००/-	असोज —चैत्रसम्म
९	न्यायाधीश तथा न्याय सेवाका अधिकृतहरुको वैयक्तिक विवरणमा थप कागज वा विवरण समावेश गरी पाउन ।	निःशुल्क	जहिलेसुकै

ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

सि.नं.	महाशाखा र महाशाखा प्रमुखको नाम	शाखाहरुको नाम	शाखा प्रमुखहरुको नाम
१	प्रशासन महाशाखा सहसचिव श्री निर्मला पौडेल	प्रशासन	उप-सचिव बलराम लम्साल
		सूचना प्रविधि शाखा	उप-सचिव बलराम लम्साल
		अभिलेख शाखा	उप-सचिव उत्तम सिलवाल
२	उजुरी तथा अनुगमन महाशाखा सहसचिव श्री यमवहादुर वुढामगर	उजूरी शाखा	उप-सचिव आनन्दप्रसाद श्रेष्ठ
		निरीक्षण तथा अनुगमन शाखा	उप-सचिव उत्तम सिलवाल
३	योजना तथा अनुसन्धान महाशाखा सहसचिव श्री यमवहादुर वुढामगर	योजना शाखा	उप-सचिव उत्तम सिलवाल
		अध्ययन तथा अनुसन्धान शाखा	उप-सचिव आनन्दप्रसाद श्रेष्ठ
		बाह्य सम्वन्ध समन्वय शाखा	शा.अ. श्री चन्द्रमणी चापाँगाई
४	परीक्षा महाशाखा सहसचिव श्री यमवहादुर वुढामगर	परीक्षा सञ्चालन शाखा	शा.अ. श्री कुमार खतिवडा
		नतिजा तथा अन्तरर्वाता शाखा	शा.अ. श्री दिपेन्द्र पौडेल

च. निर्णय गर्ने प्रकृया र अधिकारी

क. सूचना मागकर्ताले आफूले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी सचिवालयको सूचना अधिकारी समक्ष निवेदन दिनु पर्दछ ।

ख. निवेदकले माग गरिएको सूचना तत्काल उपलव्ध गराउन नसकिन प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलव्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराईनेछ ।

ग. सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफूभन्दा माथिल्लो तहवाट निर्णय गराउनु पर्ने भएमा सो को जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलव्ध गराईनेछ ।

घ. संविधान तथा कानूनले गोप्य राखिने भनिएका सूचना प्रवाह गरिने छैन ।

छ. **निर्णय गर्ने अधिकारीः** माग गरिएको सूचनाको प्रकृति अनुसार सचिव, आयोग वा परिषद

ज. सूचना अधिकारीले उपलव्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री नृपध्वज निरौला

झ. **सम्पादन गरेका कामहरुः** (२०७४ साल माघ देखि चैत्र)

१। न्याय परिषदको मिति २०७४।१०।२८ को वैठकमा परिषदकै मिति २०७४।८।२५ को निर्णयवाट ऐनको दफा १७ वमोजिम उजूरी हेर्न तोकिनु भएका परिषदका माननीय सदस्यद्वयवाट तामेलीमा राख्नु पर्ने भनी प्रतिवेदन पेश भएका ३८ थान उजूरीलाई तामेलीमा राख्ने निर्णय भयो ।

२। न्याय परिषदको मिति २०७४।११।२ को वैठकमा न्याय परिषदका माननीय सदस्यद्वयद्वारा न्यायाधीश विरुध्द परेका उजूरीहरुको अध्ययन गरी ऐनको दफा १७ वमोजिम पेश भएको प्रतिवेदनमा उल्लिखित १२ थान उजूरीहरुको ऐनको दफा १८ वमोजिम प्रारम्भिक छानविन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका एक माननीय न्यायाधीशलाई तोकिएको ।

३। सम्माननीय प्रधानन्यायाधीशज्यूवाट मिति २०७४।१०।८ मा उच्च अदालत तुलसीपुर वुटवल इजलासका मा.न्या. श्री प्रभा वस्नेतलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानमा काजमा राख्ने निर्णयलाई मिति २०७४।११।२ को वैठकले समर्थन गरेको ।

४। सोही मितिको वैठकले उच्च अदालत सुर्खेत जुम्ला इजलासमा कार्यरत माननीय न्यायाधीशहरुलाई २०७४ माघ मसान्तसम्मका लागि उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा काजमा राखिएकोमा सो काज अवधि २०७४ फाल्गुन १५ गते सम्म थप गर्न सिफारिस गरिएको ।

५। न्याय परिषदको मिति २०७४।१२।१३ को वैठकले सम्माननीय प्रधान न्यायाधीशवाट राष्ट्रिय सभा निर्वाचनका लागि ७ जना जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत र २ जनालाई जगेडा निर्वाचन अधिकृतका रुपमा खटाउने गरी नेपाल सरकारलाई परामर्श दिने गरी मिति २०७४/९/२४ को निर्णयलाई समर्थन गरेको ।

६। सोही वैठकले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि निर्वाचन अधिकृत र जगेडा निर्वाचन अधिकृत तोक्न नेपाल सरकारलाई परामर्श दिने गरी सम्माननीय प्रधान न्यायाधीशवाट मिति २०७४।११।१३ र मिति २०७४।११।२७ मा भएको निर्णयलाई समर्थन गरेको । साथै सो वैठकले रिक्त प्रधान न्यायाधीश पदका लागि सर्वोच्च अदालतका ३ जना न्यायाधीशहरुको नामावली सहितको विवरण सचिवालयवाट संवैधानिक परिषद सचिवालयमा पठाएको व्यहोराको जानकारी ग्रहण गरेको ।

७। सोही वैठकले संवैधानिक इजलास रिक्त न्यायाधीशमा सर्वोच्च अदालतका मा.न्या. श्री केदारप्रसाद चालिसेलाई तोक्न प्रधान न्यायाधीश समक्ष सिफारिसको निर्णय गर्यो भने न्यायाधीश विरुध्द परेका उजूरी उपर कारवाही लगायत मापदण्ड वनाई लागू गर्नका लागि न्याय परिषदका माननीय सदस्य श्री रामप्रसाद सिटौलाको संयोजकत्वमा समिति गठन गर्ने निर्णय समेत गरेको ।

८। परिषदको मिति २०७४।१२।२९ को निर्णयले न्याय परिषदको आ.व. ०७३/७४ को वार्षिक प्रतिवेदनलाई पारित गरेको ।

९। न्याय सेवा आयोगको मिति २०७४।१०।१७ को निर्णयले सर्वोच्च अदालतको रिक्त मुख्य रजिष्ट्रार पदमा नेपाल न्याय सेवाका सचिव श्री राजनप्रसाद भट्टराईलाई, नेपाल न्याय सेवा सरकारी वकिल समुहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री कृष्णजिवि घिमिरेलाई वेपत्ता व्यक्तिहरुको छानविन आयोगको सचिव पदमा नियुक्ति तथा पदस्थापनका लागि र वेपत्ता व्यक्तिहरुको छानविन आयोगका सचिव श्री नृपध्वज निरौलालाई न्याय परिषदको सचिव पदमा सरुवा गर्न नेपाल सरकार समक्ष सिफारिस गरेको ।

१०। न्याय सेवा आयोगको मिति २०७४।१२।५ को निर्णयले महान्यायाधिवक्ताको कार्यालयमा रिक्त नायव महान्यायधिवक्ताको पदमा सह-न्यायाधिवक्ता गणेशवावु अर्याललाई र नेपाल न्याय सेवा न्याय समुहको रा.प. द्वितिय श्रेणीको उपसचिव पदमा ५ जना र सरकारी वकिल समुहको रा.प. द्वितिय श्रेणीको उपसचिव पदमा ६ जनालाई वढुवा गरी पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

११। न्याय सेवा आयोगको मिति २०७४।१२।१३ को निर्णयले जिल्ला न्यायाधीशको लागि आयोगवाट सञ्चालित खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको अन्तिम नतिजा प्रकाशन गरी नियुक्तिका लागि न्याय परिषदमा पठाउने निर्णय गरेको छ ।

१२। न्याय सेवा आयोगको मिति २०७४।१२।२२ को वैठकवाट नेपाल न्याय सेवाका पदहरुलाई श्रृजना, समायोजन, परिवर्तन वा खारेज गर्दा न्याय सेवा आयोगको सहमति तथा परामर्श लिन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गर्नुका साथै नेपाल न्याय सेवाका ३ जना सचिवहरुको सरुवा तथा नेपाल न्याय सेवा कानून समुहका सहसचिव डिल्लीराज घिमिरेलाई सचिव पदमा वढुवा गरी पदस्थापनाका लागि नेपाल सरकार समक्ष सिफारिस गरेको छ । सोही वैठकले नेपाल दूर संचार प्राधिकरणले दिएको आदेश उपरको पुनरावेदन सुन्ने समितिको अध्यक्षमा न्याय परिषदका सचिव श्री नृपध्वज निरौलालाई र वैदेशिक रोजगार न्यायाधिकरणको सदस्य पदमा सरकारी वकिल समुहका सहसचिव श्री रमादेवी पराजुलीलाई तोक्न नेपाल सरकार समक्ष सिफारिस गरेको छ ।

१३। न्याय सेवा आयोगको मिति २०७४।१२।२९ को वैठकले न्याय सेवा आयोगको आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने निर्णय गरेको छ ।

१४। न्याय परिषद सचिवालयद्वारा २०७४।१२।२३ र २४ गते उच्च अदालत विराटनगर, धनकुटा इजलास तथा इलाम इजलासका न्यायाधीश र रजिष्ट्रार तथा अधिकृतहरु, उच्च अदालत विराटनगर, धनकुटा इजलास तथा इलाम इजलास मातहतका जिल्ला अदालतका न्यायाधीश र श्रेस्तेदार तथा अधिकृतहरुलाई लक्षित गरी न्यायिक सुधारमा न्यायलयको जनशक्तिको भूमिका विषयमा कार्यशाला गोष्ठि सम्पन्न भएको छ । उक्त कार्यक्रममा न्याय परिषदका माननीय सदस्यद्वय श्री पदमप्रसाद वैदिक र श्री रामप्रसाद सिटौला तथा सचिव श्री नृपध्वज निरौला समेतको उपस्थिति रहेको थियो ।

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रमुखको नाम र पदः श्री नृपध्वज निरौला (सचिव)

सूचना अधिकारीको नाम र पदः श्री निर्मला पौडेल (सहसचिव)

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क. न्याय परिषद ऐन, २०७३

ख. न्याय सेवा आयोग ऐन, २०७३

ग. न्याय प्रशासन ऐन, २०७३

घ. न्याय परिषद नियमावली, २०७४

ङ. न्याय सेवा आयोग नियमावली, २०७४

च. न्याय सेवा आयोगका पदाधिकारी दक्ष, विज्ञ तथा कर्मचारीहरुको आचारसंहिता, २०७४

ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

व.शि.नं. २१८०११३ चालूतर्फ

ब.र.नं.	शिर्षक	वार्षिक वजेट	श्रावण देखि चैत्रसम्मको निकासा र खर्च	माघदेखि चैत्रसम्मको निकासा र खर्च
२११११	तलव	२११३४०००/-	१४५८०३७०/४७	४६४४४४७/६७
२१११३	महँगी भत्ता	५१६०००/-	३९८५६६/६७	१४१५६६/६७
२१११९९	अन्य भत्ता	४९४१०००/-	४२१३२१८/८०	९२९१४०/८०
२११२१	पोषाक	३४५०००/-	३५६०७१/६०	३५६०७१/६०
२२१११	पानी तथा विजुली	५७६०००/-	१७९७२९/-	४३७६५/-
२२११२	संचार	५४००००/-	२०९७९२/-	६७४८६/-
२२१२१	घरभाडा	२६८८०००/-	१४५८४९२/४०	२९५५७६/४०
२२२११	ईन्धन	२०५३०००/-	१४१५६०१/-	४२२०६५/-
२२२१२	मर्मत	१४५६०००/-	६८६६९०/९०	२७०१६०/९०
२२२१३	बीमा	१९५०००/-	१८८४२३/-	००
२२३११	कार्यालयसम्वन्धी खर्च	२९३००००/-	१४६४४०१/२२	३११४२६/२२
२२३१३	पुस्तक	१४४०००/-	७३७०५/-	४३००/-
२२४११	सेवा र परामर्श	५००००००/-	३२२०५०/-	३२२०५०/-
२२४१२	अन्य सेवा शुल्क	३१८८०००/-	१३०९३००/-	३०५२२०/-
२२५२२	कार्यक्रम	२०१७००००/-	६६२८७७९/७५	३२७२२८०/७५
२२५२९	अन्य कार्यक्रम	११०००००/-	२२५२२२/-	३२०३६/-

२२६११	अनु. मूल्याङ्कन	४२९०००/-	४१६२०७/-	२१२५०/-
२२६१२	भ्रमण	२००००००/-	१२३५३०/-	१०८२००/-
२२७११	विविध खर्च	१५३९०००/-	७३७८११/-	८३७८९/-
जम्मा		६४६४४०००/-	३४९८७९६१/८१	११६३०८३२/०१

ब.शि.नं. २१८०११४ पूँजिगततर्फ

ब.न.नं.	शिर्षक	वार्षिक बजेट	श्रावणदेखि चैत्रसम्मको निकासा र खर्च	माघदेखि चैत्रसम्मको निकासा र खर्च
२९३११	फर्निचर तथा फक्चर्स	३१००००/-	००	००
२९४११	सवारी साधन	१९००००/-	००	००
२९५११	मेशिनरी औजार	५८७०००/-	२५७६४०/-	००
२९७१२	सफ्टवेयर निर्माण र खरिद	८०००००००/-	००	००
जम्मा		९०८७०००/-	२५७६४०/-	००

राजस्व आम्दानी			
	राजस्व		धरौटी
परीक्षा दस्तुर			
१४२२४	१२३६३३५/-		
अन्य प्रशासनिक दस्तुर			
१४२२७	५००००/-		
जम्मा	१२४१३३५/-		

ड. निकायको वेवसाईटः

www.judicialcouncil.gov.np

ढ. निकायको सूचना अन्यत्र प्रकाशन हुने भए सो विवरणः

१. www.judicialcouncil.gov.np

२. प्रत्येक वर्ष पौष ३ गते न्याय परिषद स्थापना दिवसका दिन प्रकाशन हुने वार्षिक बुलेटिन